# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६००                                                    मिति :- २०७०/६/३

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त "क" वर्ग तथा राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- परिवर्त्य विदेशी मुद्रामा प्रिपेड कार्ड/डेबिट कार्ड जारी गर्ने व्यबस्था सम्वन्धमा ।

महाशय,

विदेश (भारत वाहेक) भ्रमणमा जाने व्यक्तिहरुलाई आवश्यक पर्ने विदेशी मुद्रा नगदमै सटही दिंदा नोटहरु हराउने, क्षति हुने एवं सुरक्षा लगायतका विविध समस्या पर्न जाने हुंदा सटही सुविधाका लागि इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले प्रचलित व्यबस्थाले तोकेको नगद वाहेकको रकम प्रिपेड कार्ड/डेविट कार्ड मार्फत सटही दिने व्यबस्था मिलाउनु हुन तथा यस प्रयोजनका लागि कार्ड जारी गर्ने बैंकहरुले कार्ड जारी गर्दा राहदानी, हवाई टिकट र भिसा समेतलाई आधार मानी राहदानीमा "कार्डमा राखिएको रकम तथा केही मात्रामा नगदै दिएको भए सो समेतको" छाप लगाई राहदानीको फोटोकपी राखी तत्कालै प्रिपेड कार्ड जारी गर्ने व्यबस्था गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(भिष्मराज ढुंगाना)
का.मु.कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री डेभलपमेन्ट बैकर्स एशोसिएशन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।